# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

बैंक तथा वित्तीय संस्थाहरूले नेपाल राष्ट्र बैंकलाई पठाउनुपर्ने विभिन्न तथ्याङ्क थप सामयिक र भरपर्दो बनाउने सम्बन्धमा उच्चस्तरीय छलफल गर्न पुस १६ गते नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो ।

वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाका कार्यकारी प्रमुखहरूको उपस्थिति रहेको उक्त अन्तरक्रियामा गभर्नर डा. युवराज खतिवडाले सामयिक र भरपर्दो तथ्याङ्को अभावका कारण वित्तीय क्षेत्रमा तत्कालका लागि आवश्यक नीति तर्जुमा तथा कार्यान्वयन गर्न केन्द्रीय बैंकलाई अप्ठ्यारो पर्ने गरेको बताउनुभयो ।

केन्द्रीय बैंकले जति ढिलो तथ्याङ्क प्राप्त गर्छ आर्थिक सल्लाहकारको नाताले सरकारलाई दिनुपर्ने आर्थिक सल्लाह तथा सुझाव त्यति नै ढिलो हुने चर्चा गर्दै गभर्नर डा. खतिवडाले तथ्याङ्कको यस्तो गाम्भीर्यतालाई मध्यनजर गरी भरपर्दो र सामयिक तथ्याङ्क उपलव्ध गराउन सम्बन्धित सबै पक्ष चनाखो हुनुपर्ने बताउनुभयो ।



आवधिक तथ्याङ्कमा सामञ्जस्यता नहुने र पहिले पठाएका तथ्याङ्क पछि आएर सच्याउने प्रवृत्ति बैंक तथा वित्तीय संस्थाहरूमा रहेको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले विभिन्न विभागमा छुट्टाछुट्टै तथ्याङ्क पठाउनुपर्ने विद्यमान व्यवस्थामा सुधार गरी तथ्याङ्क सम्प्रेषणमा केन्द्रीय बैंकले एकद्वार नीति लिन लागेको जानकारी दिनुभयो ।

हाल मौद्रिक सर्वेक्षणमा वित्तीय क्षेत्रको करिब २० प्रतिशत हिस्सा ओगट्ने अन्य वित्तीय संस्थाहरूको तथ्याङ्क समावेश नहुने गरेको कारण न्यून अनुमानित (Under estimated) रुपमा तथ्याङ्क प्रकाशित हुँदै आएको वास्तविकता प्रस्तुत गर्दै गभर्नर डा. खतिवडाले समग्र वित्तीय प्रणालीमा निक्षेप बढिरहेको अवस्था भए तापनि वाणिज्य बैंकहरूको निक्षेप घटेको तथ्याङ्कले देशको वित्तीय क्षेत्रमै निक्षेप घटेको हो की भनी द्विविधा उत्पन्न गरेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर श्री गोपालप्रसाद काफ्लेले देशले खुला आर्थिक नीति अपनाइरहेको अवस्थामा केन्द्रीय बैंक नियन्त्रित व्यवस्थामा फर्कन नसक्ने स्पष्ट पार्दै बैंक तथा वित्तीय संस्थाहरूले केन्द्रीय बैंकको गरिमालाई ख्याल गरी नीति निर्देशन पालनामा चनाखो हुनुपर्ने बताउनुभयो । साथै, उहाँले आवश्यक नीति तर्जुमा गर्न नियामक निकायलाई धेरै तथ्याङ्क आवश्यक पर्ने भएकोले यसको महत्व बुझेर निर्देशन अनुसारका तथ्याङ्क समयमै शुद्ध रुपमा पठाउन आग्रह गर्नुभयो ।

अर्का डेपुटी गभर्नर श्री महा प्रसाद अधिकारीले केन्द्रीय बैंक र इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरू एक अर्काका परिपूरक भएको उल्लेख गर्दै वित्तीय प्रणालीलाई निरन्तर स्वस्थ रुपमा सञ्चालन गर्न सबैमा सुशासन अपरिहार्य रहेको बताउनुभयो । अस्वस्थ प्रतिस्पर्धा कसैका लागि राम्रो नहुने चर्चा गर्दै उहाँले सुशासनमा चुक्ने कुनै पनि बैंक तथा वित्तीय संस्थालाई नियमानुसार कारवाही गर्न केन्द्रीय बैंक वाध्य हुने जानकारी दिनुभयो ।

कार्यक्रममा वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री विष्णु नेपाल, बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री लोकबहादुर खड्का र अनुसन्धान विभागका निमित्त कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले सहभागी बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरूलाई नियमानुसारका तथ्याङ्क समयमै पठाउन र यस सम्बन्धमा कुनै समस्या भए आपसी छलफलबाट समाधान गर्न आग्रह गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीको तर्फबाट नेपाल बैंकर्स संघका प्रतिनिधि श्री शोभनदेव पन्त, डेभलपमेण्ट बैंकर्स एसोसियसनका अध्यक्ष श्री झपट बोहरा र नेपाल वित्त कम्पनी संघका अध्यक्ष श्री रामशान्त श्रेष्ठले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्थामा तथ्याङ्क सम्प्रेषण कार्यमा संलग्न कर्मचारीहरूका लागि नेपाल राष्ट्र बैंकले छिट्टै तालिम सञ्चालन गर्न लागेको जानकारी दिइएको थियो । यसमा सबैं बैंक तथा वित्तीय संस्थाहरूको सक्रिय सहभागिता रहने अपेक्षा गरिएको छ ।

गभर्नरको कार्यालय